| | | | |
|---|---|---|---|
| ७. | श्री दिव्यदेव भट्ट | राजपत्रांकित प्रथम श्रेणी, प्राध्यापक, त्रिचन्द्र कलेज, | सचिव, संचार मन्त्रालय। |
| ८. | श्री जीतेन्द्रलाल मास्के | राजपत्रांकित प्रथम श्रेणी, प्रशासन व्यवस्था विभाग, अतिरिक्त समूह । | विशेष अधिकृत, अर्थ मन्त्रालय । |

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।५।५।३ को निर्णयानुसार श्री मीनबहादुर जोशीले विशेष प्रहरी विभागको मुख्य अधिकृत पदबाट मिति २०३६।५।५।३ मा दिनुभएको राजीनामा स्वीकृत गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद सचिवालयको

## सूचना

पर्यटन मन्त्रालयका सचिव श्री गोरक्षबहादुर न्हुछे प्रधान विश्व पर्यटन संगठनको तेस्रो महासभाको बैठकमा भाग लिन स्पेनको टोरेमोलिनसतर्फ जानुभएकोले उहाँ फर्की हाजीर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री किरेन्द्र सिंह के. सी. लाई मिति २०३६।५।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
३९५
श्री ५ को सरकारको मुख्य सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।